फोन-फ्याक्स : ०३६-४२०१०६
मोवाईल नम्बर :९८५२८४९६०६

प्रदेश सरकार
प्रदेश नं. १
उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय
उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

**घरेलु तथा साना उद्योग विकास समिति**

खोटाङ

प.सं : ०७५/०७६ — मिति : २०७५।११।१२
च.नं :

# विषयः-सूचना ! सूचना !! सूचना !!!

यस कार्यालयको वार्षिक कार्यक्रम अनुसार स्थानिय श्रोत साधनको उपयोग गर्दै लघु घरेलु तथा साना उद्यम व्यवसाय, पेशा वा रोजगारलाई कुशलतापुर्वक संचालन गर्न वा उत्प्रेरित गर्न आवश्यक पर्ने ज्ञान, सीप, कला वा धारणाको विकास गराउने १० दिने उद्यमशीलता विकास तालिम संचालन गरिने भएको हुदा इच्छुक **खोटेहाङ गाउँपालिका** निवासी नेपाली नागरिकहरुलाई तपसिलको अधिनमा रही दरखास्त दिनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**१.लक्षित वर्गः-**

क.उद्योग व्यवसाय संचालन गर्न इच्छुक भएतापनि प्रकृयागत जानकारी र उद्यमशीलताको अभावले गर्दा उद्यम व्यवसायमा सरीक हुन नसकिरहेका इच्छुक व्यक्तीहरु।

ख. घरेलु तथा साना उद्योग व्यवसाय संचालन, विविधिकरण तथा विस्तार गर्न चाहने उद्यमी व्यवसायीहरु।

ग. वेरोजगार युवा तथा उद्योग व्यवसायका सम्वन्धमा अनविज्ञ र स्वदेशमै स्वरोजगार हुन चाहने वर्गहरु।

घ. दलित समुदायलाई विशेष प्राथमिकता दिईने छ।

**२.आवश्यक न्युनतम योग्यता :-**

**क) खोटेहाङ गाउँपालिका** खोटाङ निवासी नेपाली नागरिक -(नेपाली नागरिकता प्रमाणको प्रतिलिपी वा जन्ममिति खुलेको सम्वन्धित नगरपालिकाको सिफारिस पत्र)।

**ख)** लेखपढ र हरहिसाव राम्ररी गर्न सक्ने।

**ग)** १६ (बर्ष उमेर पुराभै ५० बर्ष) ननाघेको।

**३. दरखास्तफारम पाइने र दिने स्थान : खोटेहाङ गाउँपालिको कार्यालय**, खोटाङ।

**४. दरखास्त दिने अन्तिम मिति** :-२०७५।१२।१९ गते सम्म।

**५.अन्तरवार्ता स्थान :- खोटेहाङ गाउँपालिको कार्यालय**, खोटाङ।

**६. अन्तरवार्ता मिति** :- २०७५/१२/२० गते, दिनको १०:३० बजे देखि।

**७. तालिम सुरु हुने मिति** :- २०७५/१२/२० गते देखि

**८. प्रशिक्षार्थीले पाउने सुविधा** :- प्रति प्रशिक्षार्थी प्रति दिन रु.१००।- बरावरको खाजा उपलव्ध गराइने छ।

**९. आवश्यक प्रशिक्षार्थी संख्या** - १० (दस) जना।

**१०. तालिम संचालन स्थानः- खोटेहाङ गाउँपालिको कार्यालय**, खोटाङ।

नोट :-विस्तृत जानकारीका लागि घरेलु तथा साना उद्योग विकास समिति, खोटाङमा सम्पर्क राख्नु होला।
सम्पर्क फोन नं.-०३६-४२०१०६

२०७५।११।१२
**उद्योग अधिकृत**
**रामशरण महतो**